**ढुङ्गा,वालुवा गिट्टी,रोडाको कर तथा बिक्री शुल्क उठाउने ठेक्का बन्दोवस्त सम्बन्धी बोलपत्र आवाह्नको सूचना ।**

**दोस्रो पटक प्रकाशित मोदी गाँउपालिका**

**गाँउ कार्यपालिकाको कार्यालय**

**पातिचौर,पर्वत**

**गण्डकी प्रदेश,नेपाल**

**२०७३**

**मिति २०७६/१०/०८ गते**

मोदी गाँउपालिका,गाउँ कार्यपालिकाको कार्यालयवाट स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद-३,दफा ११ (घ) बमोजिम चालु आ.व.२०७६/७७ का लागि तपशिल बमोजिमका नदीजन्य पदार्थ ढुङ्गा,वालुवा गिट्टी,रोडाको आय संकलन ठेक्का पट्टाको माध्यमबाट गर्नुपर्ने भएकोले ठेक्का पट्टा गर्नका लागि योग्य फर्म वा कम्पनीले तपशिलमा उल्लेखित कागजपत्रहरु संलग्न राखि तपशिलमा उल्लेखित मिति र समय भित्र यस कार्यालयमा बोलपत्र फारम खरिद वापत तोकीएको रकम(फिर्ता नहुने गरी) वुझाई वोलपत्र फाराम यस कार्यालयबाट खरिद गरी मु.अ.कर सहितको कूल कवोल रकम को ५ % (पाँच प्रतिशत ) ले हुन आउने रकम धरौटी स्वरुप यस कार्यालयको नाममा रहेका नेपाल बैंक लिमिटेड शाखामा रहेको खाता नं ०६६०३००००००००३००००००८(ग-३-०) मा जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको वाणिज्य बैंक वा वित्तिय संस्थाले यस कार्यालयको नाममा जारी गरेको बैंक ग्यारेन्टी संलग्न राखी शिलवन्दी वोलपत्र फाराम पेश गर्न सकिने गरि यो आन्तरिक आय संकलन सम्वन्धी सूचना प्रकाशित गरिएको छ ।

## तपसिल

| ठेक्का नं | वडा नं. | बगरको नाम | उत्खनन् हुने अधिकतम परिमाण घ.मी. | न्यूनतम रकम कर वाहेक (रु) | बोलपत्र दस्तुर | वोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | वोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|
| 04/MRM/BAGAR/076-77 | ६ | रिठाओट वगर, रतीखोला | १९,७९६।०० | २५,८९,७०५।६० | ३,०००।०० | २०७६/१०/२२ समय:४ बजे सम्म | २०७६/१०/२३ समय:१२ बजे सम्म |
| 05/MRM/BAGAR/076-77 | २,३,५ | अम्बोट वगर, पातीखोला | २८,९६०।८५ | ३९,४३,३१८।०१ | ३,०००।०० | २०७६/१०/२२ समय:४ बजे सम्म | २०७६/१०/२३ समय:१२ बजे सम्म |

**शर्त तथा बन्देजहरु**

१.खरिद भएका बोलपत्रहरुको प्रत्येक पानामा सहिछाप र खाम शिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना र ठेक्काको नाम लेखि माथि उल्लेखित मिति र समय भित्र आवश्यक कागजातहरु(फर्म दर्ता प्रमाणपत्र प्रतिलिपि,ठेक्कापट्टाको कार्य गर्न जारी नविकरण भएको इजाजत पत्रको प्रमाणित फोटोकपी,मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित फोटोकपी,करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि २०७५/७६ सम्म) सहित खामबन्दी गरी यस कार्यालयमा वोलपत्र पेश गर्न सकिने छ। दर्ता हुन आएका वोलपत्रहरु सोही दिनको २:०० वजे यस कार्यालयमा वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न बाधा पर्ने छैन ।

२.ठेक्का स्वीकृत पश्चात तोकिएको समय भित्र सम्झौता हुनु पुर्व कवोल रकमको कम्तिमा ५० % कर सहितको रकम सम्झौता गर्न आउँदा यस कार्यालयको खातामा जम्मा गरिसकेको हुनुपर्नु छ । ५० %रकमको हकमा कार्य सम्पादन जमानत उपलब्ध गराउन मान्यता प्राप्त वाणिज्य बैक वा वित्तिय संस्थावाट यस कार्यालयको नाममा जारी गरिएको २०७७ असार मसान्त सम्म म्याद कार्य सम्पादन जमानत पेश गर्नु पर्नेछ । उक्त कार्य सम्पादन जमानत बरावरको रकम २०७६ फाल्गुन मशान्त भित्रमा यस कार्यालयको खातामा जम्मा गरिसक्नु पर्नेछ ।

३. यस सूचना अनुरुप नदिजन्य पदार्थको कर तथा बिक्री शुल्क पातिखोलामा जेष्ठ ३०,२०७७ सम्म र रतिखोलाको रिठाओट बगरमा २४ बैशाख, २०७७ सम्म उठाउन पाईने छ ।

४.नदीजन्य पदार्थ निकासी गर्दा राष्ट्रिय र सहायक राजमार्गलाई असरपर्ने गरी सडक निर्माण गर्न पाईने छैन र असर नपर्ने गरी निर्माण गर्नु परेमा निर्माण गर्दा लाग्ने खर्च बोलपत्रदाता स्वयंले ब्यहोर्नु पर्नेछ ।

५.ढुङ्गा,ग्राभेल,गिट्टी,रोडा,चोकर,वालुवा आदि उत्खनन एवं संकलन कार्यमा मेशिन प्रयोग गर्न निषेध गरिएको छ ।

६. वोलपत्रका सम्वन्धमा थप केही वुझ्न परेमा कार्यालय समयमा राजश्व शाखामा सम्पर्क गरी वुझ्न सकिने छ । साथै विस्तृत विवरण वोलपत्र फाराम साथ उपलब्ध गराइनेछ ।

७.अनुगमन समितिको निर्णय बमोजिम निर्धारण गरिएको क्षेत्रमा बोलपत्रदाता आफैले संकलित सामाग्रीको घाटगद्घी गरेर मात्र विकी वितरणको ब्यवस्था मिलाउनु पर्नेछ । घाटगद्घी गर्दा लाग्ने खर्च बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्नेछ ।

८.स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेखित विषयहरु पालना गर्नुपर्ने शर्तहरु जोखिम न्यूनिकरणका लागि तोकिने मापदण्डहरु प्रत्येक क्षेत्रबाट उठाउन सकिने प्राकृतिक स्रोत ढुङ्गा,ग्राभेल,गिट्टी,रोडा,चोकर,वालुवाको परिमाण समेतका विषयहरु सोही (IEE) प्रतिवेदनले निर्दिष्ट गरे बमोजिम हुनेछन् तिनको पालना गर्नु बोलपत्रदाताको कर्तब्य हुनेछ ।

९.वोलपत्र खरिद वा दाखिलाको अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्टलाई अन्तिम दिन मानिने छ ।

१०.वोलपत्र पूर्ण वा आशिंक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहने छ । कार्यालयले आवश्यक नठानेमा जुन सुकै चरणमा पनि आशिंक वा पुरै वोलपत्र प्रक्रिया रद्ध गर्न सक्नेछ । यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ । नेपाल सरकार, प्रदेश सरकार र गाँउपालिकाले समय समयमा दिएका निर्देशनहरु पालना गर्नु बोलपत्रदाताको कर्तब्य हुनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**